# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, चैत २४ गते २०४८ साल (संख्या ५१

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले सवारी साधन कर ऐन, २०३१ को दफा ११ क. ले दिएको अधिकार प्रयोग गरी का. जि. ठमेल बस्ने कृष्णबहादुर श्रेष्ठको नाउँमा दर्ता रहेको वा.अ.ख. १५४७ नं. को भाडा बसमा र राष्ट्रिय वाणिज्य बैङ्क सिंहदरबारको नाउँमा दर्ता रहेको वा.अ.ख. १८७९ नं. को भाडा बस बिग्री ग्यारेजमा रहेको अवधिमा लागेको जरिवाना क्रमशः रू. ५४८५।– (रू. पाँच हजार चार सय पचासी) र रू. ४१२६।४० (रू. चार हजार एक सय छब्बीस र पैसा चालीस) मिन्हा दिएकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
चण्डीप्रसाद श्रेष्ठ
उप-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## संसद सचिवालयको सूचना

राष्ट्रिय सभाको मिति २०४८ साल चैत्र ७ गते शुक्रबारका दिन बसेको बैठकले राष्ट्रिय सभाका सदस्य श्री दिलीपकुमार शाही (नेपाली काँग्रेस)लाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्विरोध निर्वाचित गरेको छ ।

आज्ञाले,
जीवनलाल सत्याल
संसदको महासचिव

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४८।११।१२ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारी (राजपत्राङ्कित प्रथम श्रेणी, सह-सचिव-स्तर) श्री शारदाप्रसाद दाहाललाई मन्त्रिपरिषद् सचिवालयको सह-सचिव पदमा सरुवा गरेको छ ।

### सूचना २

प्रधानमन्त्रीको कार्यालयमा रिक्त रहेको सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मन्त्रिपरिषद् सचिवालयका सह-सचिव श्री शारदाप्रसाद दाहाललाई मिति २०४८।११।१२ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
रजनीनाथ प्याकुर्याल
श्री ५ को सरकारको अतिरिक्त सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

290